असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, प्रदेश नं १

# बजार प्रतिनिधि आवश्यकता सम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मिति : २०७९।०२।३० गते*

संस्थाद्वारा सञ्चालित वित्तीय व्यवसाय अन्तर्गत **एनएमसी इटाभट्टा सेवाकेन्द्रका** लागि संस्थाको कर्पोरेट मानव संसाधन व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७८) तथा बजार प्रतिनिधि सम्बन्धी कार्यविधि २०७५ संशोधन २०७८ बमोजिम निम्न पदमा खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले देहाय अनुसारको योग्यता पुगेका उम्मेद्वारबाट दरखास्त आह्वान गरिन्छ।

**तपसिल**

**(१) विज्ञापन नं ७५(२०७८।७९)**

| पद | एकाइ नं. | भौगोलिक कार्य क्षेत्र | | | | संख्या |
|---|---|---|---|---|---|---|
| | | पूर्व क्षेत्र | पश्चिम क्षेत्र | उत्तर क्षेत्र | दक्षिण क्षेत्र | |
| बजारप्रतिनिधि | ३ | सतिघट्टा | निन्दा खोला | मदन बस्ती | फडानी | १ |

**(२) छनोट प्रक्रियाका आधारहरू :**

| क्र.सं. | विवरण | अंकभार | कैफियत |
|---|---|---|---|
| 1. | लिखित परीक्षा | ४० | वस्तुगत ३०, विषयगत १० |
| 2. | अनुभव | ५ | |
| 3. | स्थानीयता | ५ | |
| 4. | मोटरसाइकल/स्कुटरको सवारी चालक अनुमति पत्र | ५ | |
| 5. | शारीरिक तन्दुरुस्ती | ५ | |
| 6. | अन्तर्वार्ता | ४० | |
| | **पूर्णाङ्क** | **१००** | |

**(३) लिखित परीक्षाका लागि पाठ्यक्रम : ४० अंक**

| क्र.सं. | वस्तुगत पाठ्यक्रम विवरण | ३० अंक |
|---|---|---|
| १ | एसईई वा सो सरहको पाठ्यक्रम | १५ |
| २ | समसामयिक सामान्यज्ञान | १० |
| ३ | नेपाल बहुउद्देश्यीय सहकारी संस्था विशेष | ५ |
| क्र.सं. | विषयगत पाठ्यक्रम विवरण | १० अंक |
| १ | निवेदन लेखन | ५ |
| २ | अनुच्छेद लेखन (तोकिएको विषयमा) | ५ |

**(४) अन्य**

- **परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता हुनेछ।
- **परीक्षा मिति, परीक्षा केन्द्र** : परीक्षा सम्बन्धि सूचना पछि प्रकाशन गरिने छ।
- **दरखास्त दस्तुर** : रु.२००।- (दुईसय)
- **दरखास्त दिने अन्तिम मिति** : मिति २०७९ असार १० गते शुक्रबारसम्म।

**उम्मेद्वारको उमेरको हद (महिला/पुरुष)** : आवेदन दिने अन्तिम दिन १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको नेपाली नागरिक।

- **पदमा रही गर्नुपर्ने कामको विवरण** : तोकिएको एकाइ क्षेत्रमा फिल्ड संकलनको काम गर्नु पर्नेछ ।
- **सेवा सुविधा** : संस्थाको नियम अनुसार
- **आवश्यक न्यूनतम शैक्षिक योग्यता** : एसईई वा सोसरह
- **सेवाको प्रकृति** : करार
- तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकार गरिने छैन ।
- आवेदकहरुले संस्थाले तोकेको दरखास्त फारम भरी न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि, नागरिकताको प्रतिलिपि पासपोर्ट साइजको ३ प्रतिफोटो , व्यक्तिगत विवरण (Bio-Data) र हस्तलिखित निवेदन, परीक्षा दस्तुर बुझाएको जम्मा भौचर नेपाली रेकर्ड फाइलमा संलग्न राखि **एनएमसी इटाभट्टा सेवाकेन्द्र**मा बुझाउनु पर्नेछ
- सहकारी संस्थाको बजार प्रतिनिधि पदमा कार्य गरेको अनुभव र तालिमका प्रमाण भएमा दरखास्त फारम पेश गर्दा संलग्न गर्नु पर्नेछ ।
- विदेशबाट शैक्षिक योग्यता हासिल गरेको भए समकक्षताको प्रमाण अनिवार्य पेस गर्नु पर्नेछ ।
- विज्ञापनमा उल्लिखित पदका लागि आवश्यक सङ्ख्याको २० गुणा वा १०० भन्दा बढी संख्यामा आवेदन पर्न आएमा सम्बन्धित पदका लागि प्रारम्भिक छनोट चरणको परीक्षा सञ्चालन गर्न सकिने छ ।
- संस्थाको कर्पोरेट मानव संसाधन व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७८) बमोजिम सामाजिक सूरक्षा कोष, ग्रेड, उपदान, साधारण भत्ता, बोनस र सञ्चिती बिदा लगायतका अतिरिक्त सुविधा प्रदान गरिने छ ।
- परीक्षाको नतिजा प्रकाशन संस्थाको आधिकारिक वेबसाइट (www.nmc.coop.np),फेसबुक पेज www.facebook.com/nmccoopjhapa) बाट सार्वजनिक गरिनेछ ।
- आवेदन शुल्क संस्थाको वित्तीय व्यवसाय अन्तरगत प्रधान कार्यालयको बचन हि.न.०९९५३००००००६३ NMC SEWA AAYOG खातामा जम्मा गरी जम्मा भौचर आवेदन फायलमा अनिवार्य राख्नु पर्नेछ ।
- तोकिएबमोजिमको दरखास्त शुल्क बुझाएपछि मात्र फारम रुजु लगायत अन्य प्रक्रिया अघि बढाइनेछ ।
- उम्मेद्वारले तिरीसकेको आवेदन दस्तुर फिर्ता हुने छैन ।
- अन्तिम छनोटमा परेका उम्मेद्वारहरूले संस्थाले तोकेअनुसारको धितो धरौटीको व्यवस्था गर्नुपर्नेछ ।
- उत्तीर्ण परीक्षार्थीले नियुक्ति लिनुपूर्व स्वास्थ्य परीक्षण तथा प्रहरी रिर्पोट, स्थायी लेखा नम्बर अनिवार्य पेस गर्नु पर्नेछ ।
- कार्यसम्पादन मूल्याङ्कनका आधारमा करार अवधि थप गर्न सकिने छ ।

**पुनश्च : अनावश्यक सिफारिसले आवेदकको योग्यता माथि प्रश्न चिन्ह खडा हुने हो कि ?**

**थप जानकारीका लागि :**

**एनएमसी इटाभट्टा सेवाकेन्द्र ९८५२६८९४११**

**- कर्पोरेट मानव संसाधन विभाग**